दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम ९ (१) बमोजिमको कार्यपालिका बैठकको कार्यसूची बुझेको भरपाई

बैठक संख्याः ८/२०७९/८०

मितिः २०७९/१२/१७

बैठक बस्ने स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ

समयः ३.०० बजे

| क.सं. | कार्यसूचि | प्रस्तावक | कैफियत |
|---|---|---|---|
| १ | (क) दंगीशरण गाउँपालिकाभित्रका नदिनालाहरूको नदिजन्य वस्तु (ढुङ्गा,गिट्टी बालुवा) अमानतमा बिक्री सम्बन्धमा ।<br>(ख) अमानतबाट बिक्री हुने नदिजन्य पदार्थहरू (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि) को नियमित अनुगमन सम्बन्धमा ।<br>(ग) नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि) उत्खनन् तथा बिक्री वितरण कार्यको स्थानीय अनुगमन समिति गठन गर्ने सम्बन्धमा । | श्री शम्भु गिरी | |
| २ | पशु स्वास्थ्य शिविर सम्बन्धमा । | श्री शम्भु गिरी | |
| ३ | करार सेवामा रहेका कर्मचारीहरूको सेवा करार सम्झौता सम्बन्धमा । | श्री शम्भु गिरी | |
| ४ | विविध<br>(क) एम्बुलेन्स खरिद प्रक्रिया अगाडि बढाउने सम्बन्धमा ।<br>(ख) वडा नं. ६ को वडा कार्यालय मर्मत सम्भार सम्बन्धमा ।<br>(ग) स्वास्थ्य संस्थाहरूलाई विभिन्न सामाग्रीहरू खरिद सम्बन्धमा ।<br>(घ) आर्थिक सहायता सम्बन्धमा<br>(ङ) ठेक्काको भेरियससन सम्बन्धमा ।<br>(च) एम्बुलेन्स चालकहरूको सेवा करार सम्झौता र सञ्चालन सम्बन्धमा ।<br>(छ) आ.व. २०८०/८१ को लागि लुम्बिनी प्रदेश सरकार समपूरक कोषमा योजना माग गर्ने । | श्री शम्भु गिरी | |

शम्भु गिरी
अध्यक्ष

जिनराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| २. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ३. | श्री डम्बर खत्री | वडाध्यक्ष | |
| ४. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ५. | श्री कमल थारू | वडाध्यक्ष | |
| ६. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ७. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| ८. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ९. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १०. | श्री द्रोपति थरूनी | कार्यपालिकासदस्य | |
| ११. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १२. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १३. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १४. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

दंगीशरण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## बैठक नं. ८/२०७९/८०

समयः दिनको ३.०० बजे

बैठक बसेको मितिः २०७९/१२/१९

बैठक बसेको स्थानः दंगीशरण गाउँपालिकाको सभा हल, हेकुली, दाङ ।

आज मिति २०७९/१२/१९ गतेका दिन दंगीशरण गाउँपालिकाका अध्यक्ष श्री शम्भु गिरी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका सदस्यहरूको उपस्थितिमा दंगीशरण गाउँ कार्यपालिकाको बैठक बसी सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

उपस्थिति

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री शम्भु गिरी | अध्यक्ष | |
| २. | श्री पिमा कुमारी वली खड्का | उपाध्यक्ष | |
| ३. | श्री निमराज भट्टराई | सचिव | |
| ४. | श्री रमेश भण्डारी | वडाध्यक्ष | |
| ५. | श्री डम्वर खत्री | वडाध्यक्ष | |
| ६. | श्री सुकलाल चौधरी | वडाध्यक्ष | |
| ७. | श्री कमल थारू | वडाध्यक्ष | |
| ८. | श्री निरज बस्नेत | वडाध्यक्ष | |
| ९. | श्री रोशन जङ्ग शाह | वडाध्यक्ष | |
| १०. | श्री रेशम बहादुर वली | वडाध्यक्ष | |
| ११. | श्री मिना चौधरी | कार्यपालिकासदस्य | |
| १२. | श्री द्रोपति थरूनी | कार्यपालिकासदस्य | |
| १३. | श्री टंकी भण्डारी | कार्यपालिकासदस्य | |
| १४. | श्री चन्दा योगी | कार्यपालिकासदस्य | |
| १५. | श्री कृष्ण कामी | कार्यपालिकासदस्य | |
| १६. | श्री सितारा नेपाली | कार्यपालिकासदस्य | |

# मिति २०७९/१२/१९ गते बसेको कार्यपालिकाको बैठकका निर्णयहरू

प्रस्ताव नं. १

(क) दंगीशरण गाउँपालिकाभित्रका नदिनालाहरूको नदिजन्य वस्तु (ढुङ्गा,गिट्टी बालुवा) अमानतमा बिक्री सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने विभिन्न नदि तथा खोलाबाट स्वीकृत प्रारम्भिक वातावरणींय परीक्षण (IEE) बमोजिम नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि) अमानतबाट बिक्री गरी पालिकाको राजश्व वृद्धि गर्ने प्रयोजनका लागि लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को दफा ७ को उपदफा (६) बमोजिम अमानतबाट बिक्री गर्ने व्यवस्था गर्नुपर्ने र उक्त कार्य गर्न कार्यालयको नियमित जनशक्ति कार्यचापका कारण खटाउन नसकिने भएकोले २०८० साल जेष्ठ मसान्त सम्मको लागि सो कार्य गर्ने जनशक्ति नियुक्ति गर्नुपर्ने ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने र स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण भएका विभिन्न नदि तथा खोलाबाट नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि) अमानतबाट बिक्री गर्ने, उक्त कार्यका लागि तपसिलका व्यक्तिसँग कार्यालयले अमानत सम्झौता गर्ने ।उक्त कार्यमा नियुक्ति गरिएका व्यक्तिहरूलाई बिक्रिबाट प्राप्त रकमको १५ प्रतिशत रकम प्रोत्साहन उपलब्ध गराउने ।

तपसिल

| क्र.स. | नदि तथा खोला क्षेत्र | व्यक्तिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने तुइसोता दोभान क्षेत्र | श्री भिमबहादुर खत्री | दंगीशरण-२, दाङ | |
| २ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने कुइरीगनार क्षेत्र | श्री खगेन्द्र खत्री | दंगीशरण-२, दाङ | |
| ३ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने बारबदिया क्षेत्र | श्री शेरबहादुर डाँगी | दंगीशरण-१, दाङ | |
| ४ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने बबई र चिराघाट खोलाको दोभान क्षेत्र | श्री रणबहादुर के.सी. | दंगीशरण-६, दाङ | |
| ५ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने चिराघाट खोलाको हेडबक्स क्षेत्र | श्री नेत्रबहादुर देवकोटा | दंगीशरण-६, दाङ | |

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

झम्मु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्रपर्ने सिम्ठाना बबई घाट क्षेत्र | श्री प्रेमबहादुर चौधरी | दंगीशरण-७, दाङ | |
| ७ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने थपगाउँ क्षेत्र | श्री गजाधर वली | दंगीशरण-६, दाङ | |
| ८ | दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने माया दोभान क्षेत्र | श्री पदम भण्डारी | दंगीशरण-३, दाङ | |

निर्णयः माथि उल्लेखित व्यहोरा बमोजिम गर्ने।

(ख) अमानतबाट बिक्री हुने नदिजन्य पदार्थहरू (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि) को नियमित अनुगमन सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने नदि तथा खोलाहरूबाट उत्खनन् संकलन र बिक्री कार्यको नियमित अनुगमन गर्न अनुगमन समिति गठन गर्न आवश्यक भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने नदि तथा खोलाहरूबाट अमानतमा बिक्रि हुने नदिजन्य पदार्थको नियमित अनुगमन कार्य गर्न सम्बन्धित वडा समितिलाई जिम्मेवारी प्रदान गर्ने र सो कार्यको प्राविधिक निरीक्षण गर्ने जिम्मेवारी सम्बन्धित वडाको असिष्टेन्ट सब-इन्जिनियरलाई दिने ।

निर्णयः माथि उल्लेखित व्यहोरा बमोजिम गर्ने ।

(ग) नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदि) उत्खनन् तथा बिक्री वितरण कार्यको स्थानीय अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने ढुङ्गा, गिट्टी, बालुंवा लगायतका नदिजन्य तथा खानीजन्य पदार्थको दिगो व्यवस्थापन र सदुपयोगका लागि ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ को उपदफा (७) ले गरेको व्यवस्था एवं लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १८ को व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न स्थानीय अनुगमन समिति तथा कार्यदल गठन गर्नु पर्ने ।

हुनुपर्ने निर्णयः दंगीशरण गाउँपालिकाको क्षेत्राधिकारभित्र पर्ने ढुङ्गा, गिट्टी, बालुवा लगायतका नदिजन्य तथा खानीजन्य पदार्थको दिगो व्यवस्थापन र सदुपयोगका लागि ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ को उपदफा (७) ले गरेको व्यवस्था एवं लुम्बिनी प्रदेशको नदिजन्य

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

...गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १८ को व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्न तपसिल बमोजिमको स्थानीय अनुगमन समिति तथा कार्यदल गठन गर्ने ।

तपसिल

| | |
|---|---|
| १. दंगीशरण गाउँपालिका अध्यक्ष | -संयोजक |
| २. दंगीशरण गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. आर्थिक विकास समिति संयोजक | - सदस्य |
| ५. अनुगमन हुने स्थानको सम्बन्धित वडाध्यक्ष | - सदस्य |
| ६. इलाका प्रहरी कार्यालय हेकुली, प्रमुख | - सदस्य |
| ७. सव-डिभिजन वन कार्यालय श्रीगाउँ, कार्यालय प्रमुख | - सदस्य |
| ८. दंगीशरण गाउँपालिकाको वातावरण तथा विपद व्यवस्थापन उप-शाखा प्रमुख | - सदस्य |
| ९. दंगीशरण गाउँपालिकाको राजश्व उप-शाखा प्रमुख | - सदस्य-सचिव |

निर्णयः माथि व्यहोरामा उल्लेख भएबमोजिम गर्ने ।

प्रस्ताव नं. २

पशु स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकाबाट आ.व. २०७९/८० को स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा बजेट व्यवस्था भएअनुसार पशु स्वास्थ्य शिविर सञ्चालनका लागि स्थान छनौट गर्नुपर्ने भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक योजना तथा कार्यक्रममा बजेट समेतको व्यवस्था भएकोले उक्त पशु स्वास्थ्य शिविर तपसिल बमोजिमको स्थानमा सञ्चालन गर्न स्वीकृति प्रदान गर्ने ।

तपसिल

१. वडा नं. २ को पुरानो गा.वि.स. भवन

२. वडा नं. ३ को हेकुलीमा

३. साविक श्रीगाउँ गा.वि.स. क्षेत्रभित्र ।

निर्णयः माथि उल्लेख भएबमोजिम गर्ने ।

प्रस्ताव नं. ३

दंगीशरण गाउँपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरूको सेवा करार सम्झौता सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकामा करार सेवामा रहेका कर्मचारीहरूको सेवा करार सम्झौता गर्नुपर्ने भएकोले ।

दंगीशरण गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल

भिमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ तथा मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा विभिन्न पदमा करार सेवामा कार्यरत रहेका तपसिल बमोजिमका कर्मचारीहरूको सेवा करार सम्झौता आगामी चैत्र मसान्तमा समाप्त हुने भएकोले हाल प्रदान गरिदै आएको सेवा सुविधा नै कायम रहने गरी आगामी २०८० साल बैसाख १ गतेदेखि २०८० साल असार मसान्तसम्म सेवा करार सम्झौता गर्ने । ज्यालादारीमा रहेका कम्प्युटर अपरेटर श्री प्रमोद आचार्यलाई २०८० साल बैसाख १ गतेदेखि लागु हुने गरी आगामी २०८० साल असार मसान्तको लागि सहांयक पाँचौ तहको सेवा सुविधा पाउने गरी सेवा करार सम्झौता गर्ने ।

तपसिल

| क्र.सं. | नाम, थर | पद | कार्यरत कार्यालय |
|---|---|---|---|
| १ | श्री किरण पोखेल | कार्यक्रम अधिकृत | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | श्री प्रमोद आचार्य | कम्प्युटर अपरेटर | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | श्री राम बहादुर के.सी. | सव-ओभरसियर | दंगीशरण वडा नं. ६ को कार्यालय |
| ४ | श्री दुर्गाबहादुर खड्का | सव-ओभरसियर | दंगीशरण वडा नं. ५ को कार्यालय |
| ५ | श्री पवित्रा के.सी. | खरिदार | गाउँ कार्यपालिकाको कार्यालय |
| ६ | श्री बिनिता गिरी | अमिन | गाउँ कार्यपालिकाको कार्यालय |
| ७ | श्री जयबहादुर चौधरी | ल्याव असिष्टेन्ट | हेकुली स्वास्थ्य चौकी |
| ८ | श्री मोहन चौधरी | ल्याव असिष्टेन्ट | प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँ |
| ९ | श्री राजेन्द्र चौधरी | अ.हे.व. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, नन्द्रागाउँ |
| १० | श्री प्रतिक्षा पुन | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मौली |
| ११ | श्री सुनिता गिरी | अ.हे.व. | हेकुली स्वास्थ्य चौकी |
| १२ | श्री शान्तु चौधरी | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, श्रीगाउँ |
| १३ | श्री रचना बस्नेत | अ.न.मी. | आधारभूत स्वास्थ्य सेवा केन्द्र, नन्द्रागाउँ |
| १४ | श्री जानकी थापा | ल्याव असिष्टेन्ट | गोल्टाकुरी स्वास्थ्य चौकी |
| १५ | श्री खिमा के.सी. | अ.न.मी. | प्राथमिक स्वास्थ्य केन्द्र, श्रीगाउँ |
| १६ | श्री विष्णु के.सी. | अ.हे.व. | प्राथमिक स्वास्थ्य केन्द्र, श्रीगाउँ |
| १७ | श्री बिमला न्यौपाने | अ.न.मी. | प्राथमिक स्वास्थ्य केन्द्र, श्रीगाउँ |
| १८ | श्री पूर्ण चौधरी | कार्यालय सहयोगी | गाउँ कार्यपालिकाको कार्यालय |
| १९ | श्री तारा सुनार | कार्यालय सहयोगी | दंगीशरण वडा नं. ५ को कार्यालय |
| २० | श्री राजेश चौधरी | कार्यालय सहयोगी | दंगीशरण वडा नं. ३ को कार्यालय |
| २१ | श्री सुशिला चौधरी | कार्यालय सहयोगी | दंगीशरण वडा नं. १ को कार्यालय |
| २२ | श्री रमा चौधरी | कार्यालय सहयोगी | दंगीशरण वडा नं. ४ को कार्यालय |
| २३ | श्री रेशम चौधरी | कार्यालय सहयोगी | दंगीशरण वडा नं. ७ को कार्यालय |
| २४ | श्री पूर्णबहादुर थारू | कार्यालय सहयोगी | कृषि तथा पशु सेवा शाखा |

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २५ | श्री हिरा खत्री | कार्यालय सहयोगी | दंगीशरण वडा नं. २ को कार्यालय |
| २६ | श्री माया कुमारी चौधरी | कार्यालय सहयोगी | गोल्टाकुरी स्वास्थ्य चौकी |
| २७ | श्री उबा चौधरी | कार्यालय सहयोगी | हेकुली स्वास्थ्य चौकी |
| २८ | श्री सिता विष्ट | कार्यालय सहयोगी | प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँ |
| २९ | श्री जानकी हमाल | कार्यालय सहयोगी | प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँ |
| ३० | श्री बासुदेव चौधरी | कार्यालय सहयोगी | प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँ |
| ३१ | श्री जानकी चौधरी | कार्यालय सहयोगी | आधारभूत स्वास्थ्य सेवा केन्द्र नन्द्रागाउँ |
| ३२ | श्री चन्द्रप्रकाश चौधरी | कार्यालय सहयोगी | आधारभूत स्वास्थ्य सेवा केन्द्र, मौली |
| ३३ | श्री रेशमबहादुर चौधरी | कार्यालय सहयोगी | आधारभूत स्वास्थ्य सेवा केन्द्र, श्रीगाउँ |
| ३४ | श्री सुशिला चौधरी | कार्यालय सहयोगी | आधारभूत स्वास्थ्य सेवा केन्द्र, रामपुर |
| ३५ | श्री टिकाराम चौधरी | ट्याक्टर चालक | गाउँ कार्यपालिकाको कार्यालय |
| ३६ | श्री बिनोद चौधरी | हलुका सवारी चालक | गाउँ कार्यपालिकाको कार्यालय |
| ३७ | श्री राजेन्द्र कोसम्या | स्वीपर | गाउँ कार्यपालिकाको कार्यालय |

निर्णयः माथि उल्लेख भएअनुसार सेवा सुविधा पाउने गरी उल्लेखित अवधिको लागि सेवा करार सम्झौता गर्ने ।

प्रस्ताव नं. ४ विविध

(क) एम्बुलेन्स खरिद सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदानबाट प्राथमिक स्वास्थ्य केन्द्र बागरको लागि एम्बुलेन्स खरिदका लागि विनियोजित बजेटबाट १ थान एम्बुलेन्स खरिद गर्नुपर्ने भएकोले।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँ, दाङ (प्रस्तावित दंगीशरण आधारभूत अस्पताल) को हालको एम्बुलेन्स सेवा सञ्चालनमा रहेको टाटा सुमो जीपको एम्बुलेन्स सेवा राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को नियम १४ को उपनियम (५) बमोजिम नविकरण हुने अवस्था नरहेको हुँदा प्रस्तावित दंगीशरण आधारभूत अस्पतालको लागि सोहि निर्देशिकाको नियम ५ को उपनियम (१२) को (क) बमोजिम 'ख' वर्गको एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्ने भएको र लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित सशर्त अनुदान अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र बागरको लागि एम्बुलेन्स खरिद शिर्षकमा बजेटको व्यवस्था समेत भएको हुँदा नेपाल सरकारबाट राजश्व छुट सुविधामा 'ख' वर्गको एम्बुलेन्सको खरिद प्रक्रिया अगाडि बढाउन स्वास्थ्य उपशाखालाई निर्देशन दिने ।लुम्बिनी प्रदेश सरकारबाट विनियोजित बजेटबाट रकम अभाव हुने भएमा सवारी साधन खरिद शिर्षकबाट खर्च गर्ने ।

दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हेकुली, दाङ लुम्बिनी प्रदेश, नेपाल

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

शम्भु गिरी
अध्यक्ष

निर्णयः राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ ले गरेको व्यवस्था अनुसार 'ख' वर्गको एम्बुलेन्स खरिदको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन स्वास्थ्य उपशाखालाई निर्देशन दिने ।

(ख) वडा नं. ६ को वडा कार्यालय मर्मत सम्भार सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिका वडा नं. ६ को कार्यालय भवनको छत जीर्ण अवस्थामा पुगेकोले मर्मत सम्भार गर्नुपर्ने भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिका वडा नं. ६ को कार्यालय भवनको छत जीर्ण अवस्थामा रहेकोले तत्काल मर्मत सम्भार गर्नुपर्ने भएको हुँदा लागत अनुमान गरी मर्मत सम्भारको प्रक्रिया अगाडि बढाउने ।

निर्णयः लागत अनुमान तयार गरी मर्मत सम्भारको प्रक्रिया अगाडि बढाउने ।

(ग) आर्थिक सहायता सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकाका विभिन्न वडाहरूबाट सिफारिस भई आएका तथा गाउँ कार्यपालिकाको कार्यालयमा सोझै निवेदन दिई आर्थिक सहायता माग गरेका व्यक्तिहरूलाई समस्याको प्रकृति र गाम्भिर्यताको आधारमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिकाको आर्थिक सहायता वितरण कार्यविधि, २०७५ बमोजिम आर्थिक सहायता मागको किसिम, समस्याको प्रकृति तथा औचित्यको आधारमा भुक्तानी भएका तपसिल बमोजिम आर्थिक सहायतालाई समर्थन तथा भुक्तानी गर्ने।

तपसिल

| क्र.स. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहायता रकम | सहायताको कारण |
|---|---|---|---|---|
| १ | श्री दिलकुमारी चौधरी | दंगीशरण-१, दाङ | ५,०००/- | घाँटीको अपरेशन गर्नुपर्ने भएकोले |
| २ | दाङ जिल्ला खेलकूद विकास समिति | दाङ | १०,०००/- | खेलाडीको पोशाक तथा यातायात खर्च |
| ३ | श्री विष्णु थापा | दंगीशरण-६, दाङ | ३,५००/- | खेलाडी आर्थिक सहायता |
| ४ | श्री टिका कुमारी खत्रिनी | दंगीशरण-४, दाङ | ५,०००/- | पित्तथैलीको पत्थरी उपचार |

निर्णयः दिएको आर्थिक सहायता समर्थन गरी रकम दिन बाँकीलाई भुक्तानी गर्ने ।

दंगीशरण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल

अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

(घ) ठेक्काको भेरियससन गर्ने सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त विवरणः दंगीशरण गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत योजना बमोजिम ठेक्का सम्झौता भई कार्य सञ्चालन भएका योजनाहरूको भेरियसन स्वीकृत गर्नुपर्ने भएकोले ।

हुनुपर्ने निर्णयः दंगीशरण गाउँपालिकाको आ.व. २०७९/८० को स्वीकृत योजना बमोजिम ठेक्का सम्झौता समेत भई सञ्चालनमा रहेका तपसिल बमोजिमका योजनाहरूको भेरियंसन स्वीकृत गरी सम्पन्न भएका कार्यहरूको लागत स्टिमेट तथा मूल्याङ्कन अनुसार भुक्तानी दिने ।

तपसिल

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | योजना रहेको स्थान | भेरियसन गर्नुपर्ने रकम रू. |
|---|---|---|---|---|
| १ | बागर चौकदेखि दामोदर सडक कालोपत्रे | DRM/NCB/2079/080-01 | दंगीशरण-६, दाङ | ७,४७,५०९.१३ |
| २ | थारू विश्राम गृह निर्माण तथा व्यवस्थापन | DRM/NCB/2079/080-02 | दंगीशरण-३, दाङ | ९,९६,१३५.७३ |

निर्णयः माथि व्यहोरमा उल्लेख भए अनुसार गर्ने ।

(ङ) एम्बुलेन्स चालकहरूको सेवा करार सम्झौता र सञ्चालन सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिकाबाट सञ्चालन हुँदै आएका एम्बुलेन्स सेवालाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न चालकहरूको सेवा करार सम्झौता तथा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक भएकोले ।

हुनुपर्ने निर्णयः दंगीशरण गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्थाहरूमा सञ्चालनमा रहेका एम्बुलेन्स सेवालाई थप व्यवस्थित गर्न तपसिलका एम्बुलेन्स चालकहरूलाई मासिक रू. १२,०००/- तथा सेवा शुल्क बापत संकलन भएको रकमको १० प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने गरी २०८० साल बैसाख १ गतेदेखि २०८० असार मसान्त सम्म सेवा करार सम्झौता गर्ने । हाल गोल्टाकुरी स्वास्थ्य चौकीमा कार्यरत हलुका सवारी चालक श्री मस्तबहादुर पुन र प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँमा कार्यरत हलुका चालक श्री खुमबहादुर बस्नेतलाई सेवा सञ्चालनबाट भएको आम्दानी आन्तरिक आयमा दाखिला गर्न लगाई हालसम्म भुक्तानी दिन बाँकी पारिश्रमिक भुक्तानी दिने ।ह.स.चा. मस्तबहादुर पुनसँग थप सेवा करार सम्झौता नगर्ने र ह.स.चा. खुमबहादुर बस्नेतको आगामी २०८० बैसाख महिनादेखिको पारिश्रमिक प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँले उपलब्ध गराउने। गोल्टाकुरी स्वास्थ्य चौकी मार्फत सञ्चालन भएको एम्बुलेन्सलाई अर्को व्यवस्था नभएसम्म प्राथमिक स्वास्थ्य केन्द्र श्रीगाउँले सञ्चालन गर्ने ।हेकुली स्वास्थ्य चौकीबाट सञ्चालित एम्बुलेन्सले साविक हेकुली र गोल्टाकुरी गा.वि.स. क्षेत्रमा सेवा प्रदान गर्ने व्यवस्था मिलाउने र उक्त एम्बुलेन्स सेवा प्रदान गरेबापत जम्मा भएको सेवा शुल्क गाउँपालिकाको आन्तरिक आयमा जम्मा गर्ने । इन्धन तथा मर्मत सम्भार खर्च गाउँपालिकाबाटै गर्ने । एम्बुलेन्स सेवाको परिचालन, व्यवस्थापन तथा अनुगमन स्वास्थ्य उपशाखाले गर्ने ।

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.सं. | चालकको नाम | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सनद कुमार डाँगी | हलुका सवारी चालक | दंगीशरण-४, दाङ | |

निर्णयः माथि व्यहोरामा उल्लेख भएबमोजिम गर्ने ।

(च) दंगीशरण गाउँपालिकामा सञ्चालित बहुवर्षे योजनाको लागि आ.व. २०८०/८१ मा आवश्यक बजेट विनियोजनका लागि लुम्बिनी प्रदेश सरकार समपूरक कोष समक्ष माग गर्ने ।

**प्रस्तावको संक्षिप्त व्यहोराः** आ.व. २०८०/८१ को लागि हाल दंगीशरण गाउँपालिकामा सञ्चालनमा रहेका क्रमागत योजनाहरूको बाँकी काम सञ्चालन गर्नका लागि लुम्बिनी प्रदेश सरकार समपूरक कोषबाट बजेट माग गर्नुपर्ने भएकोले ।

**हुनु पर्ने निर्णयः** दंगीशरण गाउँपालिका र लुम्बिनी प्रदेश सरकारको समपूरक कोषबाट लागत साझेदारीमा सञ्चालनमा रहेका तपसिल बमोजिमका बहुवर्षे योजनाहरूको बाँकी कार्य सम्पन्न गर्नको लागि लुम्बिनी प्रदेश सरकार समपूरक कोषबाट आगामी आ.व. २०८०/८१ को लागि बजेट माग गर्ने ।

तपसिल

| क्र.सं. | योजनाको नाम | योजना सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | बागरदेखि दामोदर सडकसम्म कालोपत्रे | दंगीशरण वार्ड नं. ६ | |
| २ | बैवाङ रामपुर वडा कार्यालय सडक कालोपत्रे | दंगीशरण वार्ड नं. १ | |
| ३ | दमारगाउँ गोल्टाकुरी सडक कालोपत्रे | दंगीशरण वार्ड नं. २ | |
| ४ | हेकुली बिरेन्द्र स्कुल चौकदेखि चिरेगार सडक कालोपत्रे | दंगीशरण वार्ड नं. ३ | |
| ५ | हेकुली बिरेन्द्र स्कुल चौकदेखि मौली बालुवा सडक कालोपत्रे | दंगीशरण वार्ड नं. ४ | |
| ६ | डाँडागाउँ वार्ड कार्यालयदेखि पोटली डबरा हुँदै हेकुलीसम्म सडक कालोपत्रे | दंगीशरण वार्ड नं. ५ | |
| ७ | रचपल बुटनिया सडक कालोपत्रे | दंगीशरण वार्ड नं. ७ | |

निर्णयः माथि व्यहोरामा उल्लेख भएबमोजिम गर्ने ।

(छ) दंगीशरण गाउँपालिका वडा नं. २ र तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ को सिमानामा पर्ने तुइखोलामा निर्माणाधिन पुलले ओगटेको जग्गाको क्षतिपूर्ति दिने सम्बन्धमा ।

अम्बु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावको संक्षिप्त व्यहोराः दंगीशरण गाउँपालिका बडा नं. २ र तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ को सिमाना तुइखोलामा निर्माणाधिन पुलले व्यक्तिको नाममा दर्ता श्रेस्ता रहेको जमिनको केही भाग ओगटेको हुँदा क्षतिपूर्ति दिनुपर्ने भएकोले ।

हुनुपर्ने निर्णयः दंगीशरण गाउँपालिका वडा नं. २ र तुलसीपुर उपमहानगरपालिका वडा नं. १३ को सिमानामा पर्ने तुइखोलामा निर्माणाधिन पुलले व्यक्तिको नाममा दर्ता श्रेस्ता रहेको जमिनको केही भाग ओगटेको हुँदा तुलसीपुर उपमहानगरपालिका, दंगीशरण गाउँपालिका र सम्बन्धित जग्गाधनिका बीचमा भएको सहमति अनुरूप दंगीशरण गाउँपालिकाको तर्फबाट क्षतिपूर्ति वापत भूक्तानी दिनुपर्ने रू. ५०,०००/-(अक्षरूपी पचास हजार रूपैयाँ मात्र) मर्मत सम्भार कोषबाट भूक्तानी दिने ।

निर्णयः माथि व्यहोरामा उल्लेख भएबमोजिम गर्ने ।

(ज) भमके खोला सलौरा पक्की कुलो र लौवस्ता सलौरा स्कुल हुँदै मूल सडकसम्मको सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्ने ।

प्रस्तावको संक्षिप्त विवरणः दंगीशरण गाउँपालिका वडा नं. ५ मा पर्ने भमके खोला सलौरा पक्की कुलो र लौवस्ता सलौरा स्कुल हुँदै मूल सडकसम्म सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गराउनु पर्ने भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिका वडा नं. ५ मा पर्ने भमके खोला सलौरा पक्की कुलो निर्माणका लागि र सोहि वडामा पर्ने लौवस्ता सलौरा स्कुल हुँदै मूल सडकसम्म सडक निर्माणको लागि विस्तृत परियोजना परियोजना प्रतिवेदन (DPR) तयार गर्न स्विकृति दिने ।

निर्णयः माथि व्यहोरामा उल्लेख भएअनुसार गर्ने ।

(झ) कुकुर खैला मायाखोला मल्टिस्पान पुलको म्याद थप सम्बन्धमा ।

प्रस्तावको संक्षिप्त विवरणः कुकुर खैला मायाखोला मल्टिस्पान पुल निर्माण कार्यको म्याद २०७९ चैत्र १५ गते समाप्त भएको हुँदा म्याद थप गर्न आवश्यक भएकोले ।

हुनु पर्ने निर्णयः दंगीशरण गाउँपालिका वडा नं. ४ मा रहेको कुकुरखैला मायाखोला मल्टिस्पान पुल निर्माण कार्यको म्याद २०७९ साल चैत्र १५ गते समाप्त भएको र निर्माण कार्य बाँकी रहेको हुँदा बढिमा ६ महिनाको लागि म्याद थप गर्ने ।

निर्णयः माथि व्यहोरामा उल्लेख भएबमोजिम गर्ने ।

शम्भु गिरी
अध्यक्ष

निमराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत